## मिति २०८२।११।१४ गतेको सातौं कार्यपालिका बैठकको मुख्य निर्णयहरु

१. नुरुङ्ग खोला माथिल्लो सिंचाई जल उपभोक्ता संस्थाको दर्ता नविकरण गर्ने ।
२. विपद्बाट क्षतिग्रस्त सडकहरुको सरसफाई तथा मर्मतका लागि विभिन्न वडाहरुबाट भएको मर्मत कार्य सम्बन्धित वडाले नै भुक्तानी गर्ने र बाँकी रहेको रकम पालिकाबाट भुक्तानी गर्ने ।
३. पिक्सेल मल्टि भेन्यू प्रा.लि.को सिनेमा घरको हल निर्माणको म्याद कार्यविधि बमोजिम थप गर्ने निर्णय गरियो।
४. आगामी आ.व. २०८३।८४ को लागि कृषि तथा पशुपंक्षी विकास मन्त्रालय मातहतका निकायहरुमा देहायका प्रस्ताव पेश गर्ने निर्णय गरियो।

देहाय

| क्र. स. | कार्यक्रमको नाम | प्रस्ताव पठाउने निकाय | कैफियत |
|---|---|---|---|
| १ | राष्ट्रिय बिशेष फल सून्तला खेती विस्तार साथै प्रवर्द्धन कार्यक्रम | राष्ट्रिय फलफूल विकास केन्द्र, कीर्तिपुर, काठमाडौ | |
| २ | अलैची खेती विस्तार र प्रवर्द्धन कार्यक्रम | राष्ट्रिय आलु तरकारी तथा मसला बाली विकास केन्द्र, कीर्तिपुर | |
| | नगरपालिकालाई प्राङ्गारिक क्षेत्र रुपान्तरण आयोजना | *उद्योग, कृषि तथा सहकारी मन्त्रालय*, विराटनगर | |
| ३ | करेशाबारी/कोसीखेती साथै मौरीपालन कार्यक्रम | *उद्योग, कृषि तथा सहकारी मन्त्रालय*, विराटनगर | |

५. नगर तथा वडासँगको लागत साझेदारीमा संचालन हुने कार्यक्रमहरु सम्बन्धमा सम्बन्धित शाखाले वडाहरुसँगको समन्वय गरि कार्यक्रम संचालन गर्ने ।
६. आगामी आ.व. २०८३।८४ का लागि फाल्गुनन्द पदमार्ग तथा परिधिय संरचना निर्माणको लागि आवश्यक बजेट सुनिश्चित गर्ने निर्णय गरियो ।
७. इलाम नगरपालिकाको स्वीकृत बजेट तथा कार्यक्रम प्रदेश शर्शत अनुदान अन्तर्गत क्र सं ८७३, खर्च संकेत ३११५८, फोहोरमैला प्रशोधन केन्द्रको सुधार तथा व्यवस्थापन आयोजना इलाम न पा ०८ शिर्षकमा बिनियोजित बजेट रु १५,००,०००।— हरित शान्ति अभियान नेपाल इ न पा ०८, इलाम मार्फत कार्यान्वयन हुने गरि तपशिल बमोजिमको कार्यक्रममा विभाजन गरी कार्यान्वयन गर्ने।
   क. फोहोरमैला संकलन गर्ने यातायात साधान ट्रली ३ चक्के खरिद — रु ७,६५,०००।—
   ख. कम्पोष्ट मल बनाउने मेसिन खरिद- रु ५,००,०००।—
   ग. कार्यालय निर्माण तथा व्यवस्थापन-रु, २,३५,०००।—

उल्लेखित कार्यक्रममा विभाजन गरी सार्वजनिक खरिद ऐन (संशोधन सहित) को दफा ४(१) बमोजिमका प्राविधिक स्पेशिफिकेसन तयार गरी सार्वजनिक खरिद ऐन (संशोधन सहित) को दफा ५ बमोजिम लागत अनुमान तयार गर्ने साथै सार्वजनिक खरिद नियमावलीको नियम (संशोधन सहित) को नियम ३क बमोजिम समूह बिभाजन गरि क्र सं १ र २ को खण्डमा सोझै खरिद विधि मार्फत फरक फरक खरिद प्रक्रिया अगाडी बढाउने साथै क्र सं ३ को खण्डमा उपभोक्ता समिति मार्फत खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

८. इलाम नगरपालिकाको चिया र टाकुरा पर्यटनको योजना तर्जुमा" कार्यका लागी नेपाल पर्यटन बोर्ड, भृकुटीमण्डप, काठमाण्डौ र इलाम नगरपालिका बिच २०८२/०६/३१ मा भएको सम्झौता बमोजिम उल्लेखित योजना तर्जुमाका लागी यस कार्यालयमा विज्ञ जनशक्ति नभएकोले उल्लेखित कार्यको परामर्श सेवा खरिद कार्यको लागी तयार भएको रु ४,९८,३३० बराबरको लागत अनुमान तथा ToR स्विकृत गरी यस कार्यालयमा सूचिकृत परामर्शदाताहरुमध्येबाट नियमानुसार दररेट माग गरि न्युन लागत विधि मार्फत उल्लेखित योजना तर्जुमाको परामर्श सेवा खरिद प्रकृया अगाडि बढाउने ।

इलाम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोशी प्रदेश, इलाम, नेपाल
२०७३

गणेश कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८२।११।१४ गतेको सातौं कार्यपालिका बैठकको मुख्य निर्णयहरु

९. चालु आ.व. २०८२।८३ मा यस कार्यालयमा सूचिकृत भएका सेवाप्रदायक/परामर्शदाताहरुमध्ये कम्तिमा ३ वटा सेवाप्रदायक सँग दररेट समेतको प्रस्ताव माग गरि न्यून कबोल गर्ने सेवाप्रदायक मार्फत १२ वटै वडामा महिलाहरुका लागि शेयर मार्केट सम्बन्धि आधारभूत तालिम संचालन गर्ने ।

इलाम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोशी प्रदेश, इलाम, नेपाल
२०७३

गणेश कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत